# कृपा

राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२२६ बारा, २०८३ असोज २२ गते विहिबार / त्रयोदशी / नेपाल संवत् ११४६ / Thursday, October 8 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## बिरामी बोकेको एम्बुलेन्स बाढीले बगायो



वीरगञ्ज,२१असोज/पर्साको ठोरी गाउँपालिका र चितवनको माडी क्षेत्रलाई जोड्ने ठोरी-माडी सडकखण्डमा आज बिरामी बोकेको एउटा एम्बुलेन्स खोलाको बाढीले बगाएको छ।

ठोरी गाउँपालिका- ४ का बिरामी रोहन लामालाई बोकेर उपचारको लागि चितवनतर्फ जादै गरेको मधेश प्रदेश ०३-००१ झ ०१४७ नम्बरको महिन्द्रा एन्ड महिन्द्रा एम्बुलेन्स जंगल क्षेत्रको खोलामा आएको बाढीले बगाएको ठोरी गाउँपालिकाकी उपाध्यक्ष गोकुलीकुमारी रेग्मीले जानकारी दिनुभयो।

उहाँका अनुसार एम्बुलेन्स बगाएको ठाउँ चितवनको माडीस्थित बगही खोलाको पुलदेखि पूर्वतर्फ रहेको अर्को सानो खोला हो। एम्बुलेन्समा चालकसहित तीन जना सवार थिए। उनीहरू सबै सकुशल रहेको उहाँको भनाइ छ।

उद्धारपछि बिरामीलाई अर्को एम्बुलेन्समार्फत उपचारका लागि चितवनतर्फ पठाइएको बताइएको छ। बाढीमा परेर बीचमै अलपत्र परेको एम्बुलेन्सलाई जेसीबीको सहयोगमा बाहिर निकालिएको थियो।

घटनाले ठोरी-माडी सडकखण्डको वर्षायामको जोखिमलाई पुनः सतहमा ल्याएको छ। बर्खा लागेसँगै सडकखण्डका विभिन्न खोलामा पानीको बहाव बढ्ने, सडक हिलाम्मे हुने तथा कतिपय स्थानमा यातायात अवरुद्ध हुने समस्या दोहोरिँदै आएको छ।

*बाँकी तेश्रो पेजमा*

## प्रहरीद्वारा सिम्रौनगढ र निजगढबाट तीन वटा बन्दुकसहित दुईजना पक्राउ

निजगढ, २१असोज/बारामा प्रहरीले जिल्लाको छुट्टाछुट्टै स्थानबाट तीन वटा बन्दुकसहित दुई जनालाई पक्राउ गरेको छ।

प्रहरीले निजगढ नगरपालिका- ११ रतनपुरबाट भरुवा बन्दुकसहित एक युवक पक्राउ गरेको हो भने सिम्रौनगढ नगरपालिका- ६ सलेमपुरबाट दुई थान कट्टुवा पेस्तोल र पाँच राउन्ड गोलीसहित अर्को एक व्यक्तिलाई नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार निजगढ नगरपालिका- ११ रतनपुरबाट प्रहरीले भरुवा बन्दुक, बारुद र पासोसहित वन्यजन्तुको सिकारीलाई स्थानीय मोतिलाल रुम्बाका ३९ वर्षीय छोरा शम्शेर रुम्बालाई पक्राउ गरिएको हो।

इलाका प्रहरी कार्यालय निजगढबाट खटिएको प्रहरी टोलीले मंगलबार बिहान १०:३० बजे रतनपुर पश्चिम टोलस्थित फुटबल ग्राउण्ड नजिकबाट रुम्बालाई नियन्त्रणमा लिएको हो।



प्रहरीका अनुसार रुम्बाको साथबाट बारुद लोड गरिएको एक थान भरुवा बन्दुक, सेतो प्लास्टिकको डब्बामा राखिएको करिब ८० ग्राम बारुद, बारुद बनाउन प्रयोग हुने पटका तथा बाँसको टुक्रामा प्लास्टिकको डोरी र रबरको ट्युबले बाँधेर बनाइएको एक थान पासोसमेत बरामद गरिएको छ। रुम्बासँगै रहेका अर्का एक जना सिकारी भने फरार रहेको इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक दाताराम अधिकारीले जानकारी दिनुभयो।

पक्राउ परेका रुम्बाविरुद्ध हातहतियार तथा खरखजाना मुद्दा दर्ता गरी जिल्ला अदालत बाराबाट पाँच दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

त्यसैगरी सिम्रौनगढ नगरपालिका( ६ सलेमपुरमा सशस्त्र प्रहरीले विशेष सूचनाका आधारमा दुई थान कट्टुवा पेस्तोल र पाँच राउन्ड गोलीसहित सिम्रौनगढ नगरपालिका( २ अमृतगञ्जका ५० वर्षीय जयप्रकाशप्रसाद कुशवाहालाई पक्राउ गरिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर १२ गणले जनाएको छ।

कुशवाहालाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय सिम्रौनगढमा बुझाइएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

## लाल बकैया वन समूह निजगढ-१० को साधारणसभा सम्पन्न



निजगढ, २१असोज/निजगढ नगरपालिका वडा नम्बर १० स्थित श्री लाल बकैया सामुदायिक वन उपभोक्ता समूहको वार्षिक साधारण सभा आज सम्पन्न भएको छ।

निजगढ १० कै जनहित सामुदायिक वन उपभोक्ता समूह र श्री लाल बकैया वन समूहबीचको एकीकरणपछि गठन भएको सो वन समूहले पहिलो पटक साधारण सभा आयोजना गरेको हो। अघिल्लो आर्थिक वर्षको माघ महिनामा भएको साधारण सभाबाट २ वटा वन समूह गाँभ्ने निर्णय भएको थियो।

वन समूहका अध्यक्ष जीत डिम्डुङ्गको अध्यक्षतामा भएको सो साधारण सभामा बोल्दै सामुदायिक वन उपभोक्ता महासंघ निजगढ नगर अध्यक्ष कुशबहादुर थापाले उपभोक्ताहरुले वन सम्पदाको उपयोगसँगै वनको संरक्षण पनि गर्नुपर्ने बताउनुभयो। सामुदायिक वन समुदायको आफ्नै सम्पत्ति भएकोले सबैले मिलेर संरक्षण र सदुपयोग गर्नुपर्ने उहाँको भनाइ थियो।

साधारण सभामा निजगढ १० का पूर्ववडा अध्यक्ष पद्मबहादुर मोक्तान, उपभोक्ताहरु रेशम माया मोक्तान, आशिक योन्जन, एलिसा लो लगायतले वन समूहको काम कारबाहीबारे जिज्ञासा राखेका थिए। उनीहरुले काठ दाउरा तथा वन पैदावरको सहज बिक्री वितरणमा समूहले ध्यान दिनुपर्ने सुझाव पनि दिएका थिए। उपभोक्ताहरुको जिज्ञासामा सचिव राजन अधिकारी र अध्यक्ष डिम्डुङ्गले प्रष्ट पारेका थिए।

साधारण सभामा जनमुखी वन समूह निजगढ ११ का अध्यक्ष सुरेशराम गुरो, राधाकृष्ण वन समूहका निजगढ १० का अध्यक्ष कुमार कार्की, वन समूहका पूर्वअध्यक्ष ज्ञानबहादुर मोक्तान, होमबहादुर मोक्तान तथा डिभिजन वन कार्यालय सिमराकी वन अधिकृत वर्षा लामा, रतपुरी सबडिभिजन वन कार्यालयका वन अधिकृत बादल लम्साललगायतको सहभागिता रहेको समूहका अध्यक्ष डम्डुङ्गले जानकारी दिनुभयो।

लालस्थित गुम्बा टोलमा भएको सो सभाको संचालन वन समूहका सचिव अधिकारीले गर्नुभएको थियो।

२ दशक अघि डिभिजन वन कार्यालयबाट हस्तान्तरण भएपछि समूहमार्फत संरक्षण हुँदैआएको आएको सो वन समूहमा हाल ३ सय घरधुरी उपभोक्ता सदस्यहरु रहेका छन्।

## वीरगञ्जमा ईभीको ठक्करबाट पैदलयात्री महिलाको मृत्यु

वीरगञ्ज, २१असोज/वीरगञ्जमा विद्युतीय सवारी (ईभी) को ठक्करबाट बुधवार एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा वीरगञ्ज- १६ नगवा की ४५ वर्षीया मिराकुमारी गुप्ता रहेकी छन्। प्रहरीका अनुसार वीरगञ्जबाट पथलैयातर्फ जाँदै गरेको बा.प्र.०३-००१ ज ०७२० नम्बरको ईभीले पैदल हिँडिरहेकी गुप्तालाई ठक्कर दिएको थियो। दुर्घटनामा उनको टाउको, दाहिने खुट्टालगायत शरीरका विभिन्न भागमा चोट लागेको थियो।

दुर्घटनामा घाइते गुप्ताको वीरगञ्जस्थित न्युरो अस्पतालमा उपचारको क्रममा मृत्यु भएको पर्साका प्रहरी नायब उपरीक्षक (डीएसपी) चक्रबहादुर मल्लले जानकारी दिनुभयो

दुर्घटनापछि प्रहरीले ईभी र सिन्धुलीको कमलामाई नगरपालिका( २ निबुवाटारका ६० वर्षीय चालक रामकुमार कार्कीलाई नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

## निजगढ नगरपालिकाको नदीजन्य पदार्थको ठेक्का महागौरी सप्लार्यसलाई




निजगढ, २१असोज/निजगढ नगरपालिकाले चालु आर्थिक वर्ष २०८३/०८४ को लागि आह्वान गरेको नदीजन्य पदार्थ बिक्री वितरणको ठेक्का महागौरी सप्लार्यस निजगढ नगरपालिका ९ ले सकारेको छ।

नगरपालिका कार्यालयले बुधवार खोलेको शिलबन्दी बोलपत्रमा महागौरी सप्लार्यसले भ्याट सहित सबैभन्दा बढी ११ करोड ११ लाख ९२ हजार ११४ रुपैया ठेक्का सकार गर्न कबोल गरेको हो।

नगरपालिकाले नगर क्षेत्रभित्र पर्ने बकैया, धन्सार, लाल(भक्तलाल, बगर खोलाबाट ८१ लाख ६० हजार ३९८.६० घनफिट अर्थात् २ लाख ३१ हजार ३०३.८१ घन मिटर नदीजन्य पदार्थ( ढुंगा, गिट्टी, बालुवा, रोडाआदि नदीजन्य पदार्थको बिक्री वितरण शुल्कसम्बन्धि आय ठेक्का बन्दोवस्त गर्न मूल्य अभिवृद्धि कर बाहेक न्यूनतम ८ करोड १६ लाख ३ हजार ९८६ रुपैयामा बोलपत्र सकार गर्न गत भदौ ३१ गते सूचना आह्वान गरेको थियो।

कार्यालयको सूचनाअनुसार ३ वटा कम्पनीले मात्रै ठेक्का सकार गर्न इच्छा देखाएका थिए। जसअनुसार कटुवाल निर्माण सेवा हेटौडा उपमहानगरपालिकाले १० करोड ३३ लाख ३३ हजार ३३ रुपैया र श्रीजय गणेश सप्लार्यस जीतपुरसिमरा उपमहानगरपालिका १ बाराले ९ करोड ६२ लाख ९९८ रुपैया कबोल गरेका छन्।

## चाडपर्व लक्षित विशेष सुरक्षा योजना लागू गर्दै पर्सा प्रहरी




वीरगञ्ज, २१असोज/नेपालीहरूको महान् चाड बडादशैं, तिहार, नेपाल संवत् तथा छठ पर्वलाई सुरक्षित, शान्तिपूर्ण, मर्यादित र सौहार्दपूर्ण वातावरणमा सम्पन्न गराउने उद्देश्यले जिल्ला प्रहरी कार्यालय पर्साले विशेष चाडपर्व सुरक्षा योजना लागू गरेको छ।

चाडपर्वको समयमा हुने मानिसको अत्यधिक आवतजावत, बजार तथा व्यापारिक क्षेत्रमा बढ्ने भीडभाड,

*बाँकी तेश्रो पेजमा*

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

### मर्यादा भुलेर पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपति दलीय राजनीतिमा सक्रिय

राष्ट्रपति र उपराष्ट्रपति देशका सर्वोच्च संवैधानिक पद हुन् । यी पदमा रहँदा व्यक्ति कुनै दल विशेषको प्रतिनिधि नभई समग्र राष्ट्रको अभिभावकका रूपमा प्रस्तुत हुनुपर्ने हुन्छ ।

तर पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी र पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन पुनः सक्रिय दलीय राजनीतिमा फर्किएका छन् । भण्डारी नेकपा एमालेमा वरिष्ठ नेताको भूमिकामा सक्रिय हुनुभएको छ भने पुन नेकपा माओवादी केन्द्रको उपाध्यक्ष बनेर राजनीतिमा फर्किनुभएको हो । भण्डारीलाई एमालेले हाल अध्यक्षपछिको दोस्रो वरीयतामा राखेको छ ।

पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपतिलाई संविधानले पदावधि सकिएपछि दलीय राजनीतिमा फर्कन स्पष्ट रूपमा रोक लगाएको छैन । तर संवैधानिक पदको कानुनी व्यवस्था मात्र पर्याप्त हुँदैन; त्यससँग जोडिएको राजनीतिक नैतिकता र सार्वजनिक मर्यादा पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

विद्यादेवी भण्डारी राष्ट्रपतिका रूपमा दुई कार्यकाल बिताएर पुनः एमालेको सक्रिय नेतृत्वमा फर्किनु र नन्दबहादुर पुन उपराष्ट्रपतिको जिम्मेवारी पूरा गरेपछि माओवादी केन्द्रको नेतृत्वमा सक्रिय हुनु स्वाभाविक रूपमा बहसको विषय बनेको छ । पूर्व संवैधानिक पदाधिकारीहरू पुनः कुनै एक दलको सक्रिय राजनीतिमा लाग्दा उनीहरूले विगतमा निर्वाह गरेको निष्पक्ष र तटस्थ भूमिकामाथि प्रश्न उठ्न सक्ने चिन्ता राजनीतिक वृत्तमा व्यक्त हुँदै आएको छ ।

लोकतन्त्रमा प्रत्येक नागरिकलाई राजनीतिक अधिकार हुन्छ र भण्डारी तथा पुन पनि यस अधिकारबाट वञ्चित हुनुपर्ने कारण छैन । तर उच्च संवैधानिक पदमा पुगेका व्यक्तिले आफ्नो राजनीतिक अनुभवलाई व्यक्तिगत वा दलीय स्वार्थभन्दा माथि उठाएर राष्ट्रिय हितमा प्रयोग गर्नु लोकतान्त्रिक संस्कारका दृष्टिले महत्वपूर्ण हुन्छ । उनीहरू सक्रिय पार्टी राजनीतिमा फर्किएसँगै अब प्रश्न उनीहरूको राजनीतिक अधिकारको मात्र होइन, राष्ट्रपति र उपराष्ट्रपतिको पदको गरिमा, निष्पक्षता र भविष्यको संवैधानिक परम्परा कस्तो बनाउने भन्ने हो ।

त्यसैले कानुनी बन्देज नभए पनि यस्ता पदाधिकारीले स्वेच्छिक रूपमा उच्च नैतिक मापदण्ड कायम गर्ने परम्परा विकास गर्नु लोकतन्त्र र गणतन्त्र दुवैका लागि महत्वपूर्ण देखिन्छ ।

# राजनीति र प्रशासन




राजनीति र प्रशासनबिचको सम्बन्ध सधैं सरल र स्पष्ट हुँदैन

राजनीतिमा जनमत, विचारधारा र निर्वाचनको प्रभाव हुन्छ

नागरिकप्रति उत्तरदायी प्रशासन आधुनिक लोकतन्त्रको आधार

श्यामप्रसाद मैनाली

आधुनिक राज्य सञ्चालनमा राजनीति र प्रशासन एकअर्कासँग अभिन्न रूपमा जोडिएका दुई प्रमुख आयाम हुन् । राज्यको राजनीतिक नेतृत्वले जनमतबाट प्राप्त वैधताका आधारमा शासनको दिशा, नीति र प्राथमिकता निर्धारण गर्छ । स्थायी प्रशासनले ती नीति तथा निर्णयलाई कानुन, विधि, विशेषज्ञता र संस्थागत क्षमताका आधारमा कार्यान्वयन गर्छ । यसरी हेर्दा राजनीति राज्यलाई दिशा दिने शक्ति हो भने प्रशासन त्यस दिशालाई व्यवहारमा रूपान्तरण गर्ने संयन्त्र हो । दुवैको उद्देश्य अन्ततः सार्वजनिक हित, सुशासन र नागरिक सेवाको सुनिश्चितता नै हो तर विश्वभरका सबै देशमा राजनीति र प्रशासनबिचको सम्बन्ध सधैँ यति सरल र स्पष्ट भने रहँदैन । यी दुई क्षेत्रको भूमिका, अधिकार, उत्तरदायित्व र सीमारेखाबारे लामो समयदेखि सार्वजनिक प्रशासनको सिद्धान्त र व्यवहारमा बहस हुँदै आएको छ । यही बहसबाट विकसित भएको एउटा महत्वपूर्ण अवधारणा राजनीति र प्रशासन द्वैधता हो ।

प्रशासनलाई राजनीतिक प्रभाव र दलगत सङ्घर्षबाट अलग राखी दक्ष, व्यावसायिक र व्यवस्थित बनाउनुपर्ने हुन्छ । किनकि राजनीतिक निर्णय र प्रशासनिक कार्यान्वयनका प्रकृति फरक हुन्छन् । राजनीति राज्यको इच्छा अभिव्यक्त गर्ने र प्रशासन त्यस इच्छालाई कार्यान्वयन गर्ने प्रक्रिया भएकाले राजनीति र प्रशासनको कार्यक्षेत्रबारे दुबिधा छैन । राजनीतिमा जनमत, विचारधारा र निर्वाचनको प्रभाव हुन्छ; प्रशासनमा कानुन, प्रक्रिया, विशेषज्ञता र निरन्तरताको महत्व हुन्छ तर व्यवहारमा राजनीति र प्रशासनलाई पूर्णतः छुट्याउन सकिन्छ कि सकिँदैन भन्ने प्रश्न त्यसपछि सार्वजनिक प्रशासनको एउटा प्रमुख बहसका रूपमा विकसित भइरहेको छ । समयक्रममा प्रशासनले नीति कार्यान्वयन गर्ने मात्र होइन; नीति निर्माणका लागि तथ्य, सूचना, विशेषज्ञता र विकल्प उपलब्ध गराउने महत्वपूर्ण भूमिकाका रूपमा स्वीकार गर्दै आएको छ । आधुनिक शासनमा राजनीतिक नेतृत्व र प्रशासनिक संयन्त्रबिच निरन्तर अन्तर्क्रिया हुने भएकाले पूर्ण द्वैधता व्यवहारमा सम्भव नहुने परिस्थिति बनेको छ । यस अर्थमा आज राजनीति र प्रशासनको सम्बन्धलाई कठोर विभाजनभन्दा भूमिकाको भिन्नता र कार्यगत सहकार्यका रूपमा बुझ्नु बढी यथार्थपरक देखिन्छ । लोकतान्त्रिक व्यवस्थामा राजनीतिक नेतृत्वको आधार जनताको सार्वभौम मत हो । निर्वाचनमार्फत जनताले कुनै राजनीतिक दल वा नेतृत्वलाई शासन सञ्चालनको जिम्मेवारी दिन्छन् । त्यसैले राष्ट्रिय नीति, विकासको प्राथमिकता, सामाजिक आर्थिक दिशा र सार्वजनिक कार्यक्रमको राजनीतिक निर्धारण निर्वाचित नेतृत्वको वैधानिक जिम्मेवारी हो ।

प्रशासन राजनीतिक नेतृत्वको विकल्प होइन । कर्मचारीतन्त्रले जनमतबाट प्राप्त राजनीतिक वैधताको स्थान लिन सक्दैन । प्रशासनले आफ्नो विशेषज्ञता, अनुभव र संस्थागत स्मृतिका आधारमा राजनीतिक नेतृत्वलाई तथ्यपूर्ण सल्लाह दिन सक्छ, सम्भावित परिणामबारे सचेत गराउन सक्छ, विभिन्न विकल्प प्रस्तुत गर्न सक्छ तर अन्तिम राजनीतिक निर्णय गर्ने अधिकार निर्वाचित नेतृत्वमै रहन्छ । यसबाट प्रशासनिक निष्पक्षता र राजनीतिक उत्तरदायित्वबिच सन्तुलन कायम हुन्छ । राजनीतिक नेतृत्व परिवर्तन भई सरकार बदलिएको अवस्थामा पनि शासन प्रशासनलाई निरन्तरता कायम राख्ने प्रमुख माध्यम कर्मचारीतन्त्र हो । स्थायी प्रशासनको शक्ति र भूमिका केवल पद वा अधिकारमा होइन; व्यावसायिक ज्ञान, संस्थागत स्मृति, कानुनी दक्षता अनुभव र निरन्तरतामा निहित हुन्छ । सरकारले नयाँ नीति ल्याउँदा त्यसको आर्थिक, सामाजिक, प्रशासनिक र कानुनी प्रभावबारे वस्तुनिष्ठ जानकारी उपलब्ध गराउने काम प्रशासनको हो तर प्रशासनिक स्थायित्वलाई राजनीतिक निरपेक्षताको नाममा राजनीतिक उत्तरदायित्वभन्दा माथि राख्न मिल्दैन । कर्मचारीतन्त्र संविधान, कानुन र वैधानिक सरकारप्रति उत्तरदायी हुन्छ । त्यसैले प्रशासनिक तटस्थताको अर्थ राजनीतिक सरकारसँग असहयोग गर्नु होइन । जुनसुकै राजनीतिक दलको भए पनि कानुन र व्यावसायिक मापदण्डका आधारमा समान रूपमा सेवा गर्नु हो ।

नेपाली सन्दर्भ

नेपालको राजनीति र प्रशासन सम्बन्धलाई नेपालको राजनीतिक इतिहासबाट अलग गरेर बुझ्न सकिँदैन । निरङ्कुश पञ्चायती व्यवस्था, बहुदलीय प्रजातन्त्र, सशस्त्र द्वन्द्व, लोकतान्त्रिक गणतन्त्र, सङ्घीय शासनप्रणालीलगायतका विभिन्न राजनीतिक चरणले प्रशासनको स्वरूप, भूमिका र राजनीतिक सम्बन्धमा प्रत्यक्ष प्रभाव पारेका छन् । विशेषतः २०४६ सालको राजनीतिक परिवर्तनपछि बहुदलीय लोकतन्त्रको पुनर्स्थापना, २०६२/६३ को जनआन्दोलनपछि गणतन्त्रतर्फको सङ्क्रमण र २०७२ सालको संविधानपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासले प्रशासनको भूमिकालाई नयाँ सन्दर्भ दिएको छ । नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना निर्माण गरेको छ । यसले राजनीतिक अधिकारको मात्र पुनर्वितरण गरेको छैन; प्रशासनिक संरचना, कर्मचारी व्यवस्थापन, सेवा प्रवाह र उत्तरदायित्वको स्वरूपलाई पनि परिवर्तन गरेको छ । सङ्घीय व्यवस्थामा राजनीति र प्रशासनबिचको सम्बन्ध झन् जटिल र महत्वपूर्ण बनेको छ । एउटै नीति तीन तहका सरकारमार्फत कार्यान्वयन हुनुपर्ने अवस्था आउँदा राजनीतिक समन्वयसँगै प्रशासनिक समन्वय पनि अपरिहार्य हुन्छ । नेपालमा राजनीति र प्रशासनको सम्बन्धबारे चर्चा गर्दा सबैभन्दा बढी उठ्ने प्रश्नमध्ये प्रशासनमा राजनीतिक हस्तक्षेपको सीमा कति भन्ने नै हो । लोकतान्त्रिक सरकारले प्रशासनलाई निर्देशन दिनु स्वाभाविक हो । सरकारको नीति कार्यान्वयन गर्न प्रशासन परिचालित हुनु पर्छ तर वैधानिक राजनीतिक निर्देशन र व्यक्तिगत वा दलगत स्वार्थबाट प्रेरित हस्तक्षेपबिच स्पष्ट अन्तर हुनु पर्छ ।

कर्मचारीको सरुवा, बढुवा, नियुक्ति वा जिम्मेवारी निर्धारणमा योग्यता, कार्यसम्पादन र संस्थागत आवश्यकताभन्दा व्यक्तिगत राजनीतिक सम्बन्ध निर्णायक बन्न थाल्यो भने प्रशासनको व्यावसायिकता कमजोर हुन्छ । त्यस्तै प्रशासनिक संयन्त्रले पनि आफूलाई राजनीतिक उत्तरदायित्वभन्दा माथि राख्न खोज्यो भने लोकतान्त्रिक शासनको आधार कमजोर हुन्छ । त्यसैले आवश्यक कुरा राजनीतिक नेतृत्व र प्रशासनबिच पूर्ण दुरी होइन; उचित सीमासहितको संस्थागत सम्बन्धको सुदृढीकरण हो । राजनीति र प्रशासनका सम्बन्धमा अर्को महत्वपूर्ण प्रश्न प्रशासनिक तटस्थताको हो । परम्परागत दृष्टिले कर्मचारीतन्त्रलाई राजनीतिक रूपमा तटस्थ हुनुपर्ने मान्यता राख्छ । यसको अर्थ कर्मचारी कुनै दलको पक्षधर नबनी संविधान, कानुन र सार्वजनिक हितप्रति प्रतिबद्ध हुनु पर्छ भन्ने हो तर तटस्थताको अर्थ मूल्यविहीनता भने होइन । कर्मचारीले सुशासन, विधिको शासन, मानव अधिकार, पारदर्शिता, उत्तरदायित्व र सार्वजनिक हित जस्ता संवैधानिक तथा प्रशासनिक मूल्यप्रति प्रतिबद्ध हुनु पर्छ । दलप्रति तटस्थ, संविधानप्रति प्रतिबद्ध र नागरिकप्रति उत्तरदायी प्रशासन आधुनिक लोकतान्त्रिक कर्मचारीतन्त्रका लागि आदर्श पहिचान हुन सक्छ ।

राजनीति र प्रशासन द्वैधताको प्रारम्भिक अवधारणाले प्रशासनलाई मुख्यतः नीति कार्यान्वयनसँग जोडेको थियो तर आधुनिक शासनमा यो दृष्टिकोण पर्याप्त छैन । आज सार्वजनिक नीति निर्माणका लागि तथ्याङ्क, अनुसन्धान, आर्थिक विश्लेषण, सामाजिक प्रभावको अध्ययन, कानुनी परीक्षण र कार्यान्वयन क्षमताको मूल्याङ्कन आवश्यक हुन्छ । यी क्षेत्रमा प्रशासनसँग रहेको अनुभव र विशेषज्ञता राजनीतिक नेतृत्वका लागि महत्वपूर्ण स्रोत हो । यसकारण प्रशासनले नीति निर्माण गर्दैन भन्नुभन्दा नीति निर्माणमा प्रशासनको महत्वपूर्ण बौद्धिक तथा प्राविधिक योगदान हुन्छ तर अन्तिम राजनीतिक वैधता निर्वाचित नेतृत्वबाट आउँछ । यही विन्दुमा राजनीति र प्रशासनबिचको परम्परागत द्वैधता आधुनिक शासनमा अन्तरसम्बन्धमा रूपान्तरण भएको छ । नेपालको सङ्घीय शासनप्रणालीमा कुन तहले कुन काम गर्ने ? स्रोत र साधनको वितरण कसरी गर्ने ? कर्मचारी व्यवस्थापन कसरी गर्ने ? सेवा प्रवाहको मापदण्ड कसरी कायम गर्ने ? तीन तहका सरकारबिच उत्तरदायित्व कसरी स्पष्ट गर्ने ? भन्ने प्रश्न केवल कानुनी होइनन्; राजनीतिक र प्रशासनिक प्रश्न पनि हुन् । राजनीतिक अधिकारको विकेन्द्रीकरण भयो तर प्रशासनिक क्षमता विकेन्द्रीकरण हुन सकेन भने सङ्घीयताको अपेक्षित परिणाम प्राप्त हुन कठिन हुन्छ । त्यसै गरी प्रशासनिक संयन्त्र मात्र विस्तार गरेर राजनीतिक उत्तरदायित्व र जनसहभागिता कमजोर भयो भने पनि सङ्घीय शासनको उद्देश्य पूरा हुन सक्दैन । यसका लागि केही आधारभूत मान्यता आवश्यक देखिन्छ । राजनीतिक नेतृत्वको लोकतान्त्रिक वैधताको सम्मानका साथै प्रशासनको व्यावसायिकता र निष्पक्षताको संरक्षण जरुरी हुन्छ । निर्णय प्रक्रियामा कानुनको सर्वोच्चतामा दुवै आयामले समझदारी गर्न मिल्दैन ।

राजनीतिक निर्देशन र व्यक्तिगत हस्तक्षेपबिच स्पष्ट सीमा निर्धारण हुनु पर्छ । प्रशासनले राजनीतिक नेतृत्वलाई परामर्श दिँदा तथ्य प्रमाण र विशेषताका आधारमा स्पष्ट गराउन सक्नु पर्छ । कर्मचारीतन्त्रमा राजनीतिक दलहरूप्रतिको तटस्थ व्यवहारमा देखिनु पर्छ । राजनीतिक नेतृत्वप्रति प्रशासनको संस्थागत उत्तरदायित्व कायम हुनु पर्छ । नागरिकप्रति दुवै पक्षको अन्तिम जवाफदेहिता संयुक्त रूपमा व्यवहारमा नै देखिनु पर्छ । सङ्घ, प्रदेश र स्थानीय तहबिच प्रभावकारी समन्वयको कार्य प्रशासनिक भूमिका सहायक हुन्छ भने राजनीतिक नेतृत्वको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । दुवै पक्ष पारदर्शिता, उत्तरदायित्व र परिणाममुखी प्रशासन प्रदान गर्न प्रतिबद्ध हुनु पर्छ । यस अवस्थामा नेपालमा हाल देखिएको राजनीति र प्रशासनबिचको मनोवैज्ञानिक अन्तर्द्वन्द्वको स्तर स्वतः कम हुन्छ ।

निष्कर्ष

राजनीति प्रशासन द्वैधताको प्रारम्भिक अवधारणाले राजनीति र प्रशासनको भूमिकाबिच स्पष्ट सीमा कोर्न महत्वपूर्ण योगदान पुर्‍यायो तर आधुनिक लोकतान्त्रिक शासनको जटिलताले राजनीति र प्रशासनलाई पूर्णतः अलग राख्ने अवधारणाभन्दा दुवैबिचको अन्तरनिर्भरता र सहकार्यलाई बढी प्रासङ्गिक बनाएको छ । राजनीतिले जनमतबाट वैधता प्राप्त गर्छ । प्रशासनले कानुन, विशेषज्ञता र संस्थागत निरन्तरताबाट आफ्नो शक्ति प्राप्त गर्छ । राजनीति प्राथमिकता निर्धारण गर्छ, प्रशासन त्यसलाई कार्यान्वयनयोग्य बनाउँछ तर नीति निर्माण र कार्यान्वयनबिच पूर्ण पर्खाल सम्भव छैन । नेपालका लागि पनि समाधान राजनीति र प्रशासनबिच दुरी बढाउनुमा होइन, भूमिका र सीमारेखा स्पष्ट गर्नुमा छ । राजनीतिक नेतृत्वले प्रशासनलाई दलगत स्वार्थको साधन बनाउनु हुँदैन, प्रशासनले पनि आफ्नो व्यावसायिकता र विशेषज्ञतालाई राजनीतिक वैधताको विकल्प ठान्नु हुँदैन

अन्ततः लोकतन्त्रमा प्रश्न ‘राजनीति ठूलो कि प्रशासन ?’ भन्ने होइन । प्रश्न हो, राजनीति र प्रशासनले आआफ्नो मर्यादा कायम राख्दै राज्य र नागरिकको हितमा कसरी सहकार्य गर्ने भन्ने मुद्दा नै आधुनिक शासन प्रशासनमा जीवन्त बन्नु पर्छ । यही प्रश्नको सन्तुलित उत्तरमा सुशासनको आधार लुकेको छ । राजनीति जनताको इच्छाको अभिव्यक्ति हो भने प्रशासन त्यस इच्छालाई राज्यको संस्थागत क्षमतामार्फत व्यवहारमा उतार्ने माध्यम हो । यी दुईबिचको सम्बन्ध स्वस्थ, मर्यादित र उत्तरदायी रहन सकेमा मात्र लोकतान्त्रिक शासनले स्थायित्व, प्रभावकारिता र जनविश्वास प्राप्त गर्न सक्छ ।

**साभार: गोरखापत्र**



# चोलेन्द्र शमशेर जबरासहित ६ जनाको घरमा छापा

काठमाडौं, २१असोज/सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरासहित उनका निकट र नातेदारको घरमा छापा मारेको छ ।

पूर्वप्रधानन्यायाधीश जबरा, दिपक तिमल्सिना, नारायण दाहाल र नवराज थपलियाको घरमा छापा मार्ने काम भइरहेको स्रोतले बताएको छ ।

तिमल्सिना दूरसञ्चार व्यवसायी हुन् भने थपलिया उच्च अदालतका पूर्वन्यायाधीश हुन् ।

त्यसैगरी, जबराका भाइ प्रभुशमशेर जबरा एवं ज्वाइँ नाता पर्ने नवीन बस्नेतको घरमा पनि सम्पत्ति शुद्धीकरणको टोली पुगेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद यज्ञमणि न्यौपानेले चोलेन्द्र शमशेर जबरा र उनका नजिकका मानिस जसमार्फत सम्पत्ति लुकाइएको अनुमानको आधारमा छापा मारेको बताउनुभएको छ ।

पूर्वप्रधानन्यायाधीश जबराको कामदारको घरमा समेत विभागको टोली र प्रहरीले खानतलासी गरिरहेको स्रोतले बताएको छ । राणालाई यही असोज १० गते राति काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले महाराजगन्जस्थित घरबाटै पक्राउ गरेको थियो ।

१२ घण्टा प्रहरी हिरासतमा राखेर ११ गते छोडिएको थियो । यद्यपि प्रहरीले भने सुरक्षाका लागि कार्यालय लगेको जनाएको थियो ।

उनीविरुद्ध परेको उजुरीको विस्तृत विवरण खुलाइएको छैन । २०७५ पुस १८ गते सर्वोच्च अदालतमा प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेका



जबराविरुद्ध २०७८ फागुन १ गते संसदमा महाभियोग प्रस्ताव दर्ता गरिएको थियो ।

त्यसपछि निलम्बित उनी महाभियोग प्रस्ताव पारित नभए पनि सर्वोच्च अदालत फर्किन पाएनन् र यहीबिच उनको कार्यकाल समाप्त भएको थियो ।

# फ्रान्समा विद्यार्थी आन्दोलन चर्कियो, सयौं उच्च माध्यमिक विद्यालय प्रभावित

काठमाण्डौ २१असोज/फ्रान्समा उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको प्रदर्शन उनीहरूका अभिभावक, र विद्यार्थी युनियनहरूमा फैलिएपछि फ्रान्सभर लाखौं मानिसहरू सडकमा आएका छन् ।

विद्यालयका लागि थप स्रोतसाधनको माग गर्दै किशोर(किशोरीले थालेको हप्तौं लामो राष्ट्रव्यापी आन्दोलनको समर्थनमा हिजो वयस्क प्रदर्शनकारीले र्‍याली निकाले भने विद्यार्थीले पुनः उच्च माध्यमिक विद्यालयमा अवरोध खडा गरेको बीबीसीको खबरमा उल्लेख छ ।

पेरिसको २०औं जिल्लामा रहेको 'हेलेन बुचर' उच्च माध्यमिक विद्यालयको प्रवेशद्वार अगाडि प्रदर्शनकारीले फोहोरका भाडाहरु र साइकल तेर्स्याएर अस्थायी अवरोध गरेका थिए । विद्यालयमा तोडफोडका घटना बढ्नुका साथै कर्मचारी, विद्यार्थी र प्रहरी घाइते हुन थालेपछि प्रदर्शनको तीव्रता कम गर्न अधिकारीले गएको हप्तादेखि विद्यालय बन्द गर्न थालेका हुन् । प्रहरीको दङ्गा नियन्त्रणसम्बन्धी हतियारका कारण युवा प्रदर्शनकारी गम्भीर रूपमा घाइते भएका घटना बढ्दै गए पनि गृहमन्त्री लरेन्ट नुनेजले सरकारको कडा प्रतिक्रियाको बचाउ गर्नुभएको छ । नुनेजका अनुसार अहिलेसम्म प्रहरीले ६ हजार भन्दा धेरैलाई पक्राउ गरेको छ भने ७१५ जना प्रहरी अधिकारी घाइते भएका छन्

राष्ट्रपति इम्यानुएल म्याक्रोनको सरकारलाई समेत दबाबमा पारेको उच्च माध्यमिक विद्यालयसम्बन्धी आन्दोलनको समर्थनमा मजदुर युनियनको आह्वानमा झण्डा र प्लेकार्ड बोकेका प्रदर्शनकारी र्‍यालीमा सहभागी भएका थिए । किशोर(किशोरीमाथि व्यापक रूपमा गिरफ्तारी, अश्रुग्यास तथा दङ्गा नियन्त्रणका हतियार प्रयोग गरिएको भन्दै आलोचना भइरहेको छ । यसले प्रदर्शनकारी युवामा थप आक्रोश बढाउनुका साथै केही अभिभावक र शिक्षकलाई आक्रोशित बनाएको छ ।

# चाडपर्व लक्षित विशेष सुरक्षा योजना देशभर लागू

काठमाण्डौ २१असोज/दशैँ, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै आजदेखि देशैभरि विशेष सुरक्षा योजना लागू भएको छ । प्रहरीका अनुसार सर्वसाधारणको सुरक्षा, औद्योगिक प्रतिष्ठान र सडक सुरक्षालाई प्राथमिकतामा राखेर यो योजना शुरू गरिएको हो ।

केन्द्रीय प्रहरी प्रवक्ता अबिनारायण काफ्लेका अनुसार यस पटक विगतभन्दा केही अघिदेखि नै सुरक्षा योजना लागू भएको छ ।

यस योजनाअन्तर्गत देशभरि ५० हजारभन्दा धेरै प्रहरी खटाइएका छन् । मुख्य बजार, चोक तथा भीडभाड हुने क्षेत्रमा सीसीटीभी र ड्रोनमार्फत निगरानी बढाइएको छ । डिजिटल ठगी, एआईको दुरुपयोग र फेक अनलाइन शपिङविरुद्ध विशेष सतर्कता अपनाएको प्रवक्ता काफ्लेले बताउनुभयो ।

प्रहरीका अनुसार सडक सुरक्षालाई प्रभावकारी बनाउन लामो दूरीका गाडीमा दुई जना चालक अनिवार्य गरिएको छ भने गाडीको अवस्था जाँच गर्न र क्षमताभन्दा धेरै यात्रु राख्न नदिन ठाउँठाउँमा सहायता कक्ष राखिएका छन् । देशभर ४०० भन्दा धेरै ठाउँमा सहायता कक्ष स्थापना गरी ११ सयभन्दा धेरै प्रहरी परिचालन गरिएको छ ।

प्रहरीले अपराध नियन्त्रण र अनुसन्धानलाई प्राथमिकतामा राखेको भन्दै ढुक्क भएर चाडपर्व मनाउन आमनागरिकलाई आग्रह गरेको छ ।

यस वर्ष दशैंको टीका आउँदो कात्तिक ४ गते बुधवार परेको छ । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले कात्तिक ४ गते बिहान १० बजेर २६ मिनेटमा उत्तम साइत रहेको जनाएको छ ।

## दशैंकोअवसरमा...

व्यवसायी महासङ्घ तथा विभिन्न प्रदेशका होटल तथा पर्यटन व्यवसायी सङ्घसंस्थासहित पर्यटकीय क्षेत्रका सम्बन्धित निकायसँग सहकार्य गरिएको बोर्डले जनाएको छ ।

## ऐतिहासिक चिसापानीगढीमा...

बताउनुभयो । उहाँका अनुसार अभियानको उद्देश्य ऐतिहासिक सम्पदाको संरक्षणसँगै आन्तरिक पर्यटन प्रवर्द्धन र सैनिक(नागरिक सम्बन्धलाई थप सुदृढ गर्नु हो ।

गणपति श्रेष्ठका अनुसार गोरखबहादुर गणले मकवानपुरका ऐतिहासिक गढीहरूको संरक्षणमा विभिन्न कार्यक्रम गर्दै आएको छ । हालसम्म धुंगे गढीमा ५ हजार लिटर क्षमताको खानेपानी ट्याङ्की तथा कलात्मक धारा निर्माण गर्नुका साथै मकवानपुरगढी र सानो गढीमा सरसफाइ तथा चिसापानीगढीमा सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ ।

ऐतिहासिक गढी तथा किल्लाहरूको संरक्षणसँगै त्यस्ता स्थललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले नेपाली सेनाले सञ्चालन गर्दै आएको अभियानले मकवानपुरका ऐतिहासिक सम्पदाको संरक्षणमा समेत योगदान पुर्‍याएको छ

## बिरामीबोकेकोएम्बुलेन्स...

स्थानीयका अनुसार यस क्षेत्रबाट दैनिक रूपमा सयौं नागरिक बस, मोटरसाइकल तथा अन्य साना सवारीसाधनमार्फत आवतजावत गर्ने गरेका छन् । तर सडकमा पर्याप्त पुल तथा पूर्वाधार नहुँदा सामान्य अवस्थामा समेत जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था रहेको स्थानीयको भनाइ छ ।

त्यसैगरी, निकुञ्ज तथा जंगल क्षेत्र हुँदै यात्रा गर्नुपर्ने भएकाले वन्यजन्तुको जोखिमसमेत रहेको स्थानीयले बताएका छन । विशेषगरी बिरामी तथा आपत्कालीन अवस्थामा रहेका नागरिकलाई अस्पतालसम्म पुर्‍याउन समस्या हुने गरेको उनीहरूको गुनासो छ ।

ठोरी तथा बादरझुला क्षेत्रका बासिन्दाले वर्षौंदेखि सडक र पुल निर्माणको माग गर्दै आए पनि समस्या पूर्ण रूपमा समाधान हुन सकेको छैन् । हरेक चुनावताका ठोरी(माडी सडक तथा यस क्षेत्रका पुल र सडक निर्माणको मुद्दा उठ्ने गरे पनि पूर्वाधार निर्माण हुन नसकेको स्थानीयको गुनासो छ ।

स्थानीयवासीले ठोरीदेखि माडीसम्म बाह्रै महिना सवारी सञ्चालन हुने गरी सडक तथा आवश्यक स्थानमा स्थायी पुल निर्माण, जंगल क्षेत्रमा यात्रु सुरक्षाको भरपर्दो व्यवस्था तथा आपत्कालीन अवस्थामा बिरामीलाई सहज रूपमा अस्पताल पुर्‍याउने यातायात र स्वास्थ्य पहुँच सुनिश्चित गर्न सरकारसँग माग गरेका छन् ।

स्थानीय समाजसेवी धीर सिंहलगायतले ठोरी(माडी सडकखण्डको समस्या तत्काल समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

## मकवानपुरमाछुट्टाछुट्टै...

अस्पताल ल्याएका थिए । अस्पतालमा साँझ चिकित्सकले बालकलाई मृत घोषणा गरेको प्रहरी नायव उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिनुभयो । मोटरसाइकलचालक थिङ प्रहरीको नियन्त्रणमा रहेका छन् ।

यसैगरी, गत १५ असोज राति हेटौंडा उपमहानगरपालिका(१० मेनरोडस्थित पूर्व(पश्चिम सडकखण्डमा स्कुटर र यात्रुबाहक बस ठोक्किँदा घाइते भएका प्रहरी सहायक हवल्दार किरण थापाको उपचारका क्रममा मृत्यु भएको छ । काभ्रेको बनेपा नगरपालिका(१२ घर भई जिल्ला प्रहरी कार्यालय मकवानपुरमा कार्यरत ३२ वर्षीय थापा कार्यालयको कामका लागि बुद्धचोक हुँदै कर्रातर्फ जाने क्रममा विपरीत दिशाबाट आउँदै गरेको ग २ ख १०७९ नम्बरको यात्रुबाहक बससँग ठोक्किएका थिए ।

## चाडपर्वलक्षितविशेष...

सार्वजनिक यातायातमा हुने चाप, धार्मिक तथा सांस्कृतिक गतिविधि, किनमेल तथा आर्थिक कारोबारमा हुने वृद्धिलाई मध्यनजर गर्दै सुरक्षा योजना लागू गरिएको पर्सा प्रहरीले जनाएको छ ।

सुरक्षा योजनाअन्तर्गत जिल्लाको शान्ति सुरक्षालाई थप सुदृढ तथा प्रभावकारी बनाउन विभिन्न संवेदनशील तथा भीडभाड हुने स्थानमा प्रहरी जनशक्ति परिचालन गरिएको छ । प्रहरीले विशेष निगरानी, नियमित गस्ती तथा चेकजाँचलाई समेत थप कडाइ गर्ने जनाएको छ ।

चाडपर्वका क्रममा आपराधिक गतिविधि बढ्न सक्ने, शान्ति सुरक्षामा खलल पुग्न सक्ने तथा चोरी, ठगी, जुवातास, मादक पदार्थ सेवन, आतसवाजी लगायतका गतिविधिबाट जनधनको क्षति हुनसक्ने सम्भावनालाई ध्यानमा राखी सुरक्षा व्यवस्था कडा पारिएको प्रहरीको भनाइ छ ।

त्यसैगरी, मादक पदार्थ तथा मनोद्दीपक पदार्थ सेवन गरी सवारीसाधन चलाउने कार्य नियन्त्रण गर्नसमेत प्रहरीले निगरानी तथा चेकजाँचलाई प्राथमिकतामा राखेको छ ।

पर्सा प्रहरीले सर्वसाधारणलाई चाडपर्व सुरक्षित र मर्यादित ढंगले मनाउन आग्रह गरेको छ । प्रहरीले जुवातास खेल्ने तथा खेलाउने, आतसवाजी गर्ने, मादक पदार्थ सेवन गरी सार्वजनिक स्थानमा होहल्ला गर्ने तथा अन्य गैरकानुनी गतिविधिमा संलग्न नहुन समेत अपिल गरेको छ ।

प्रहरीले कुनै आपराधिक गतिविधि वा शान्ति सुरक्षामा असर पार्ने गतिविधिबारे जानकारी प्राप्त भएमा समयमै नजिकको प्रहरी कार्यालयमा खबर गर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

चाडपर्वलाई सुरक्षित, शान्तिपूर्ण र उल्लासमय बनाउन प्रहरीको प्रयाससँगै नागरिकको सहयोग र सचेतना पनि आवश्यक रहेको भन्दै पर्सा प्रहरीले सुरक्षित समाज निर्माणमा साझा जिम्मेवारी निर्वाह गर्न सर्वसाधारणमा अपिल गरेको छ ।






# फैसला कार्यान्वयन अभियानमा रौतहटबाट ३७ फरार प्रतिवादी पक्राउ




रौतहट, २१असोज/फैसला कार्यान्वयन विशेष अभियानअन्तर्गत रौतहटमा विभिन्न मुद्दामा दोषी ठहर भई फरार रहेका ३७ जना प्रतिवादी पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका कार्यालयबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ परेकाबाट सात वर्ष दुई महिना २७ दिन कैद सजाय र दुई लाख ७३ हजार ७७७ रुपियाँ जरिवाना असुल हुन बाँकी रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वसन्त गौतमका अनुसार पक्राउ परेकामाथि जालसाजी, कुटपिट तथा अङ्गभङ्ग, विद्युतीय कारोबार ऐन, नागरिकता कीर्ते, ज्यान मार्ने उद्योग, अभद्र व्यवहार, लेनदेन बिगो, बालशोषण, जबर्जस्ती करणी तथा जबर्जस्ती करणी उद्योग र चेक अनादरलगायतका मुद्दा छन् ।

प्रहरीको १० दिने विशेष अभियानअन्तर्गत पक्राउ परेका ३७ जनालाई कसुरअनुसार आवश्यक कारवाही, कैद तथा जरिवाना असुलीका लागि रौतहट जिल्ला अदालत गौरमा बुझाइएको प्रवक्ता गौतमले जानकारी दिनुभयो ।

# मलंगवाका दुई कर्मचारी एक लाख घुससहित पक्राउ




सर्लाही, २१असोज/सर्लाहीको मलंगवा नगरपालिकामा कार्यरत दुई कर्मचारी एक लाख रुपैयाँ घुससहित पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा नगरपालिकाका इन्जिनियर डिकेशकुमार यादव र सुपरभाइजर सहायक (चौथो) कौशलकुमार मधुकर रहेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबासबाट खटिएको टोलीले उनीहरूलाई सेवाग्राहीबाट घुसबापत लिएको एक लाख रुपैयाँ र स्रोत नखुलेको थप ३३ हजार ७०५ रुपैयाँसहित नियन्त्रणमा लिएको हो । निर्माण भइसकेको भवनको नक्सा दर्ता तथा अभिलेखीकरण गराउने कार्यमा दुःख तथा हैरानी दिई घुस मागेको भन्ने सूचना र उजुरीका आधारमा अख्तियारको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको आयोगले जनाएको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार दुवै कर्मचारीलाई मंगलवार मलंगवा नगरपालिकाबाट नियन्त्रणमा लिइएको थियो । उनीहरूमाथि घुस तथा रिसवतसम्बन्धी भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट असोज २१ गते म्याद थपको आदेश प्राप्त भएपछि थप अनुसन्धान अघि बढाइएको छ ।

# पशुपति मन्दिर प्रवेश गरी भिडियो बनाएको आरोपमा नव दम्पति पक्राउ



वीरगञ्ज, २१असोज/पशुपतिनाथ मन्दिरभित्र प्रवेश गरेर भिडियो बनाएको आरोपमा प्रहरीले सुनसरीको इटहरीबाट एउटा नव दम्पति जोडीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा इटहरी निवासी ओसीम अन्सारी र उनकी पत्नी प्रियंका परियार रहेका छन् । पशुपति क्षेत्र विकास कोषले दिएको जाहेरीका आधारमा सुनसरी प्रहरीले उनीहरूलाई इटहरीबाट नियन्त्रणमा लिएको हो ।

सुनसरी प्रहरीका अनुसार पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा कानूनी कारबाहीका लागि काठमाडौंस्थित प्रहरी वृत्त गौशाला पठाइएको छ ।

प्रेम विवाह गरेका अन्सारी र परियारले केही दिनअघि पशुपतिनाथ मन्दिर परिसरभित्र पुगेर भिडियो बनाएका थिए । गैरहिन्दूलाई प्रवेश निषेध रहेको पशुपतिनाथको मुख्य मन्दिर क्षेत्रभित्र प्रवेश गरेर भिडियो बनाएको भन्दै सामाजिक सञ्जालमा उनीहरूको विरोध भएको थियो ।

भिडियो भाइरल भएर धार्मिक आस्थामाथि आँच पुगेको भन्दै आलोचना बढेपछि पशुपति क्षेत्र विकास कोषले प्रहरीमा उजुरी दिएको थियो ।

सोही उजुरीका आधारमा सुनसरी प्रहरीले उनीहरूलाई पक्राउ गरी काठमाडौं पठाएको हो ।

# नापी कार्यालय बर्दिबासमा कार्यरत सर्भेक्षक साहविरुद्ध भ्रष्टाचार मुद्दा दायर




काठमाडौं, २१असोज/अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरीको नापी कार्यालय बर्दिबासमा कार्यरत सर्भेक्षक शिव कुमार साहविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

जग्गाको नक्सा संशोधन गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग एक लाख रुपैयाँ घुस लिएको अभियोगमा उनीविरुद्ध बुधवार अख्तियारले विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको हो ।

सर्भेक्षक साहले जग्गाको अंशबण्डा मुताबिकको नक्सा ट्रायल चेक गरी सोही आधारमा नक्सा संशोधन गरिदिने काममा आलटाल गर्दै सेवाग्राहीलाई अनावश्यक दुःख हैरानी दिएर घुस माग गरेको अख्तियारले जनाएको छ ।

सेवाग्राहीबाट प्राप्त सूचना र उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासबाट खटिएको टोलीले उनलाई एक लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा रंगेहात नियन्त्रणमा लिएको थियो ।

आयोगले सर्भेक्षक साहविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो एक लाख रुपैयाँ कायम गरेको छ ।

साथै सोही ऐनबमोजिम बिगो अनुसारको जरिवाना र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद सजायको मागदाबी लिई विशेष अदालतमा आरोपपत्र दायर गरिएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो ।

# कांग्रेसको नयाँ नेतृत्व चयनका लागि बिहीबार बिहान १० बजेदेखि मतदान



काठमाडौं, २१असोज/नेपाली कांग्रेसको १५औं महाधिवेशन अन्तर्गत कार्यसमिति चयनका लागि बिहीबार बिहान १० बजेदेखि मतदान हुने भएको छ ।

महाधिवेशनमा सहभागी ७ हजार २५५ प्रतिनिधिले कांग्रेसको आगामी नेतृत्व चयनका लागि मतदान गर्ने भएका छन् ।

केन्द्रीय निर्वाचन समितिका संयोजक एवं वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले बिहीबार बिहान ७ बजेदेखि मतदान गर्ने कार्यक्रम यसअघि सार्वजनिक गरिएको भए पनि वर्षा र केही प्राविधिक कारणले तीन घण्टा ढिला गरी सुरू गर्न लागिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार मतदानका लागि काठमाडौंका तीन स्थानमा सात मतदान केन्द्र तोकिएको छ । प्रतिनिधिहरूको सहजताका लागि प्रदेश र प्रतिनिधित्वको आधारमा छुट्टाछुट्टै मतदान केन्द्रको व्यवस्था गरिएको हो ।

निर्वाचन समितिले राष्ट्रिय सभागृह, खुलामञ्च र प्रज्ञा भवनमा मतदान केन्द्र तोकेको छ । राष्ट्रिय सभागृहमा बागमती प्रदेशका प्रतिनिधिहरूले मतदान गर्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी खुलामञ्चमा कोशी, मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशका प्रतिनिधिहरूले मतदान गर्नेछन् । भ्रातृ तथा शुभेच्छुक संस्था र जनसम्पर्क समितिबाट महाधिवेशन प्रतिनिधि बनेकाहरूका लागि पनि खुलामञ्चमै मतदान गर्ने व्यवस्था गरिएको निर्वाचन समितिले जनाएको छ ।

प्रज्ञा भवनमा गण्डकी र लुम्बिनी प्रदेशका प्रतिनिधिहरूका लागि मतदान केन्द्र तोकिएको छ । सम्बन्धित प्रदेश तथा समूहका प्रतिनिधिले तोकिएको मतदान केन्द्रमा पुगेर मतदान गर्नुपर्नेछ । मतदानका क्रममा प्रतिनिधिको परिचय तथा मतदाता नामावली रुजु गरेपछि मात्र मतदान गर्न पाउने व्यवस्था गरिएको छ ।

# ऐतिहासिक चिसापानीगढीमा नेपाली सेनाद्वारा सरसफाइ तथा राष्ट्रिय झण्डा झण्डोत्तोलन



हेटौंडा, २१असोज/मकवानपुरको भीमफेदी गाउँपालिका( ६ स्थित ऐतिहासिक चिसापानीगढीमा नेपाली सेनाले सरसफाइ तथा झण्डोत्तोलन कार्यक्रम सम्पन्न गरेको छ ।

मध्य पृतना हेडक्वार्टरअन्तर्गतका विभिन्न युनिट तथा श्री गोरखबहादुर गणको मुख्य भूमिकामा गढी परिसरमा सरसफाइ तथा नेपालको राष्ट्रिय झण्डा झण्डोत्तोलनसमेत गरिएको थियो ।

झण्डोत्तोलन कार्यक्रममा भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिकाका कर्मचारी, वडा नं ६ का प्रतिनिधि, मन्दिरका पुजारी, स्थानीयवासी तथा सुरक्षाकर्मीहरूको सहभागिता रहेको थियो ।

राष्ट्र एकीकरणका क्रममा प्रयोग भएका तथा ऐतिहासिक महत्व बोकेका गढी, किल्ला र पदमार्गको संरक्षण, सरसफाइ तथा मर्मतसम्भार गर्दै आएको नेपाली सेनाको अभियानअन्तर्गत चिसापानीगढीमा पनि कार्यक्रम गरिएको गोरखबहादुर गणका गणपति श्री रविन्द्रकुमार श्रेष्ठले

बाँकी तेश्रो पेजमा

# दशैंको अवसरमा पर्यटन बोर्डले पर्यटकीय गन्तव्यमा लिङ्गे पिङ निर्माण गर्ने

काठमाडौं २१असोज/नेपाल पर्यटन बोर्डले विभिन्न पर्यटकीय गन्तव्यमा लिङ्गे पिङ निर्माण तथा सञ्चालन गर्ने भएको छ ।

बोर्डको पर्यटन सम्पदा तथा पर्यटन विकास महाशाखाले काठमाण्डौ उपत्यकासहित देशका विभिन्न पर्यटकीय गन्तव्यमा पालिका र पर्यटनसम्बद्ध सङ्घसंस्थासँगको सहकार्यमा लिङ्गे पिङ निर्माण तथा सञ्चालन गर्न लागेको हो दशैंको अवसरमा मौलिक संस्कृति, परम्परा र चाडपर्वलाई पर्यटनसँग जोड्दै बोर्डले ललितपुर महानगरपालिका, कीर्तिपुर नगरपालिका, चाँगुनारायण नगरपालिका, भक्तपुर पर्यटन विकास समिति, ठमेल पर्यटन विकास समिति, हिमालयन उद्धार सङ्घ, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान), होटल सङ्घ नेपाल, होटल

बाँकी तेश्रो पेजमा

# मकवानपुरमा छुट्टाछुट्टै सवारी दुर्घटनामा ४ वर्षीय बालक र प्रहरीसहित तीन जनाको मृत्यु




हेटौडा २१असोज/मकवानपुरमा पाँच दिनको अन्तरालमा भएका तीन छुट्टाछुट्टै सवारी दुर्घटनामा एक बालक र प्रहरीसहित तीन जनाको मृत्यु भएको छ ।

मंगलबार पूर्वी मकवानपुरको बागमती गाउँपालिका( ८ सातलेस्थित मदन भण्डारी लोकमार्गमा मोटरसाइकलको ठक्करबाट चार वर्षीय बालकको मृत्यु भएको छ । आफ्नै घरमा खेलिरहेका सरोज घलानका चार वर्षीय छोरा प्रिंस घलान एक्कासी सडकमा निस्किएका बेला फापरबारीबाट हात्तीसुँडेतर्फ जाँदै गरेको प्र ०३(०२( ००३ प २६३१ नम्बरको मोटरसाइकलले उनलाई ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

दुर्घटनामा घाइते बालकलाई मोटरसाइकल चालक बकैया गाउँपालिका( ३ चिसापानीका २४ वर्षीय दिपक थिङले अभिभावकसहित उपचारका लागि हेटौंडास्थित सहकारी

बाँकी तेश्रो पेजमा

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा-सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, व्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३